मिति २०७६ मंसिर ११ गते मंगलबार **बैठक नं. ५७ मा नगर कार्यपालिकाको** निर्णयहरु

**निर्णय नं. १**

नेपाल सरकारले स्थानीय तह (साविक स्थानीय निकाय) मा कार्यरत कर्मचारीहरुको वढुवा तथा वृत्ति विकास र समकक्षता निर्धारण सहित समायोजन गर्ने कार्यकालागि कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उप दफा ४ बमोजिम समायोजन गर्ने सन्दर्भमा यस नगरपालिकामा कार्यरत साविक स्थानीय निकाय हाल स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुलाई पनि कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ७ को उप दफा २ र ४ मा भएको व्यबस्था र मापदण्ड बमोजिम हुने गरी यस नगरपालिकाको गत २०७५ फागुन ४ गते सम्पन्न चौथो नगरसभाको निर्णय न. १० का आधारमा यस नगरपालिकाको स्वीकृत स्थायी दरवन्दीमा कार्यरत कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्नबनेको **"कर्मचारी समायोजन अध्यादेश, २०७५"** ले तोकेको मिति देखि नै लागु हुने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन पत्र दिई श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउने मिति २०७५/१२/१ मा बसेको नगरकार्यपालिकाको ४४ औं बैठकको निर्णय नं. २ हालसम्म कार्यान्वयन नभएको र उक्त निर्णय कार्यान्वयनका लागि मिति २०७६/०७/२२ मा सम्बन्धित कर्मचारीहरुबाट पेश हुन आएको सामुहिक माग निवेदन उपर छलफल गरि सम्वन्धित सम्पुर्ण कर्मचारीहरुको नियुक्ति, बढुवा, कार्यसम्पादन मुल्यांकन, उल्लेखित कानुनहरु समेतको विश्लेषणात्मक अध्ययन गरि राय सुझाव सहित आगामी बैठकमा प्रतिवेदन पेश गर्नका लागि देहाय अनुसार **"प्रशासनसुधार सिफारिस समिति"** गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| क) उप – प्रमुख श्री सरस्वती रिजाल (खड्का) | - | संयोजक |
| ख) वडा अध्यक्ष, वडा नं. ६ श्री न्हुच्छे बहादुर महर्जन | - | सदस्य |
| ग) वडा अध्यक्ष, वडा नं. ८ श्री बिनोद महर्जन | - | सदस्य |
| घ) कार्यपालिका सदस्य, श्री सुमन पोखरेल | - | सदस्य |
| ङ) उप-सचिव, श्री टंकलाल गैरे | - | सदस्य सचिव |

सल्लाहकारमा कानुनी सल्लाहाकार श्री कृष्णहरि खतिवडा ।

**निर्णय नं. २**

यस नगर क्षेत्रका स्वास्थ्य विमा गर्ने विमित नगरबासीहरुलाई प्रतिव्याक्ति रु. २०० (दुई सय मात्र) का दरले नगरपालिकाको तर्फबाट बिमा सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कीर्तिपुर नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को अनुसूची – १ (नियम ७ को उपनियम (३) सँग सम्वन्धित) को बुँदा नं. १४ बमोजिमको प्रस्ताव उपर छलफल हुँदा यस नगरक्षेत्रमा परामपरागत रुपमा मनाउदै आएको सातगाँउले (न्हेगाँ) जात्रा अन्तरगत कीर्तिपुरको ईन्द्रायणी जात्रा यहि मिति २०७६ साल मंसिर २० गते शुक्रबार हुने भएकोले सम्पुर्ण नगरबासीहरुमा सुख, समृद्धि, सु-स्वास्थ्य र दिर्घायुको कामना सहित सो दिन यस नगर क्षेत्रमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

## <u>निर्णय नं.</u> ४

यस नगरक्षेत्रभित्र भवन तथा बाटो सम्वन्धि मापदण्ड लगायतका सन्दर्भमा आईपर्ने बिबादित बिषयबस्तुमा स्थलगत अध्ययन, राय, सल्लाह, सुझावसहित सिफारिस गर्नका लागि देहाय अनुसारको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क) योजना तथा प्रा. शाखा प्रमुख, ब.ई. श्री बालकृष्ण महर्जन - संयोजक
ख) सम्वन्धित वडाका वडा अध्यक्ष - सदस्य
ग) नक्सा शाखा प्रमुख ई. श्री सुरज ओझा - सदस्य
घ) सम्वन्धित वडाका वडाका प्राविधिक - सदस्य
ङ) कानुन शाखा प्रमुख, शा.अ. श्री सुजिन्द्र महर्जन - सदस्य सचिव

## <u>निर्णय नं.</u> ५

१६ औं राष्ट्रिय ज्यापु दिवस समारोह समिति, ११४० को मिति २०७६/०८/०८ को पत्रानुसार यहि २०७६/०८/२६ गते हुने साईकल र्‍यालीको यस नगरपालिका वडा नं. ५ स्थित पाँगा देउखेलमा समापन हुने हुँदा सो मा सहभागि हुने करिब ४०० जना सहभागीहरुलाई नगरपालिकाको तर्फबाट रु. एक लाखको सिमा भित्र रहने गरी नेवारी भोजको व्यवस्था गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं.</u> ६

यस नगर क्षेत्रमा विभिन्न सामाजिक संघसंस्थाहरुले रक्तदान कार्यक्रम आयोजना गरी यस नगरपालिकामा आर्थिक सहयोगका लागि माग गरेमा प्रतिव्यक्ति रक्तदाता रु. १५०/- का दरले हुने रकम प्रगती प्रतिवेदनका आधारमा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

## <u>निर्णय नं.७</u>

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेशहुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र संम्बन्धि समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, रप्रोपाईटरको नाम |
|---|---|---|
| १ | डिजाईन टु विल्ड | कीर्तिपुर १, खसिबजार, रामकृष्ण लटौला |
| २ | एलाईन्स ईन्जिनियरिङ्ग एण्ड कन्ट्रक्सन प्रा.लि. | कीर्तिपुर ६, चोभार, श्री धिरेन्द्र कुमार यादव र श्री नविन कुमार साह |

## निर्णय नं. ८

यस कीर्तिपुर नगरपालिका वडा नं.६,जलबिनायक  स्थित ( साबिक चोभार भूतखेल ४ ग कित्ता नं.९ प्र ११) को जग्गामा विगत पंचायतकालदेखि नै वडा कार्यालय भवन मार्फत सेवा प्रवाह गर्दै आइरहेको र द्वन्दकालमा विस्फोटन भई भवन पूर्ण क्षतिग्रस्त भएकोले सेवा प्रवाह संचालन गर्न कठिनाई भएको हुँदा सोही स्थानमा नयाँ वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।